# <u>न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि, २०७९</u>

स्वीकृत मितिः२०७९/५/३१

**<u>प्रस्तावना</u>**ः न्यूनतम समर्थन मूल्यमा कृषि उपजहरुको खरिद गर्ने व्यवस्था गरी न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्न बाञ्छनिय भएकोले विनियोजन ऐन २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. **"उत्पादक"** भन्नाले कृषि उपजहरुको उत्पादन गर्ने कृषक, कृषक समुह, कृषि सहकारी वा नीजि कृषि फर्महरुलाई सम्झनु पर्छ ।

**ख.** **"उत्पादनमूलक सहकारी"** भन्नाले प्रचलित कानून बमोजीम दर्ता भई कृषिजन्य उत्पादनमुलक क्षेत्रमा कार्य गर्ने सहकारी संस्थाहरु सम्झनु पर्छ ।

**ग.** **"कार्यक्रम"** भन्नाले न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रम र स्वीकृत बजेट सम्झनु पर्छ ।

घ. **"कृषि उपज"** भन्नाले धान, मकै, गहु, आलु र तरकारी बालीहरु सम्झनु पर्छ ।

ङ. **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्रहरुलाई सम्झनु पर्छ ।

च. **"खरिदकर्ता"** भन्नाले प्रचलित कानून बमोजीम दर्ता भई न्यूनतम समर्थन मूल्यमा कृषि उपजहरुको खरिद गर्न ईच्छुक कृषि कम्पनि र उत्पादनमूलक सहकारीहरुलाई सम्झनु पर्छ ।

छ. **"न्यूनतम समर्थन मूल्य"** भन्नाले उत्पादन गर्न लाग्ने लागतको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरेको मूल्यलाई सम्झनु पर्छ ।

ज. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

झ. **"प्रदेश"** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

ञ. **"प्रोत्साहन रकम"** भन्नाले न्यूनतम समर्थन मूल्यमा कृषि उपजहरुको खरिद गरेवापत खरिदकर्तालाई उपलब्ध गराईने प्रोत्साहन रकम सम्झनु पर्छ ।

ट. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **मूल्य निर्धारण समितिः** (१) कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गरी खरिद कार्यमा, सहयोग, समन्वय तथा सहजिकरणको लागि सम्बन्धित जिल्लामा देहाय बमोजिमको मूल्य निर्धारण समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (ग) अध्यक्ष, जिल्ला कृषि सहकारी संघ | -सदस्य |
| (घ) प्रमुख/प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालय | -सदस्य |
| (ङ) अध्यक्ष, उद्योग वाणिज्य संघ | -सदस्य |
| (च) विषय विज्ञ, विषयसगँ सम्बन्धित | -सदस्य |
| (छ) प्रमुख, केन्द्र | -सचिव |

(२) उपदफा (१) बमोजिमको कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने,

(ख) न्यूनतम समर्थन मूल्य कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) न्यूनतम समर्थन मूल्यमा कृषि उपजको खरिद बिक्रि भए नभएको अनुगमन गर्ने,

(घ) न्यूनतम समर्थन मूल्य कार्यक्रम कार्यान्वयन सम्बन्धि विवरणहरु मन्त्रालय पेश गर्ने ।

(३) उपदफा १ मा गठित समितिले आवश्यकता ठानेमा न्यूनतम समर्थन मूल्य निर्धारण गरी समितिमा पेश गर्न एक मूल्य निर्धारण उपसमिति गठन गर्न सक्नेछ ।

(४) दफा ३ बमोजिमको मूल्य निर्धारण समितिले कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्ने सम्बन्धमा संघीय सरकारवाट न्यूनतम समर्थन मूल्य निर्धारण भएका कृषि उपजहरुको हकमा सोही मूल्य कायम हुनेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम पहिलो चरणमा बागमती प्रदेशको पाच वटा जिल्लाहरु चितवन, मकवानपुर, धादिङ, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाहरुमा लागू हुनेछ । कार्यक्रमको प्रभावकारीताको आधारमा आगामी आर्थिक वर्षदेखि प्रदेशका अन्य जिल्लाहरुमा लागू गरिनेछ ।

५. <u>सूचना प्रकाशन गर्ने</u>ः केन्द्रले उत्पादक र खरिदकर्ताहरुलाई सूचीकृत हुनको लागि अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. <u>सूचीकृतको लागि निवेदन</u>ः (१) उत्पादकले अनुसूची-२ मा उल्लेख भए बमोजिमको विवरण केन्द्रमा सूचीकृत हुनको लागि निवेदन पेश गर्नुपर्नेछ । सूचनामा तोकिएको अनलाईन मार्फत पनि विवरण पेश गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम सूचीकृत हुनको लागि ईच्छुक उत्पादकहरुले कम्तिमा १० कठ्ठा क्षेत्रफलमा बाली लगाएको हुनुपर्नेछ । एक आर्थिक वर्षमा उत्पादकलाई एक पटक मात्र कार्यक्रममा समावेश गरिनेछ ।

(३) खरिदकर्ताले अनुसूची-३ मा उल्लेख भए बमोजीमको विवरण केन्द्रमा सूचीकृतका लागि निवेदन पेश गर्नुपर्नेछ । प्रदेश भित्र वा वाहिरका अन्य जिल्लाका खरिदकर्ताले समेत सूचीकृत हुन सक्नेछन ।

(४) उपदफा १ र ३ बमोजीम सूचीकृत हुनको लागि प्रचलित कानून बमोजिमका अद्यावधिक कागजात पेश गर्नुपर्नेछ ।

७. <u>खरिद बिक्री गर्नुपर्ने</u>ः (१) सूचीकृत भएका उत्पादकहरुले उत्पादन गरेको कृषि उपजहरु सूचीकृत भएका खरिदकर्ताहरु बीच खरिद बिक्रि हुनेछ । सो को लागि केन्द्रले सहजीकरण गर्नेछ ।

## परिच्छेद-४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

८. <u>सम्झौता</u>ः (१) न्यूनतम समर्थन मूल्यमा कृषि उपजको खरिद कार्यमा संलग्न हुने उत्पादक, खरिदकर्ता र केन्द्र बीच त्रिपक्षीय सम्झौता गरिनेछ ।

(२) सम्झौता भएपश्चात खरिद गर्नु खरिदकर्ताको दायित्व हुनेछ ।

९. <u>कृषि उपजको खरिद</u>ः (१) सम्झौतामा उल्लेख भए अनुसार उत्पादकहरुले उत्पादन गरेको कृषि उपज खरिदकर्ताले न्यूनतम समर्थन मूल्यमा खरिद गर्नुपर्नेछ ।

(२) आफुलाई तोकीएको बाहेक अन्य कार्यक्षेत्र वा अर्को जिल्लावाट कृषि उपजको खरिद गर्नुपरेमा ढुवानीमा लाग्ने खर्च प्रचलित नियमानुसार केन्द्रवाट उपलब्ध गराईनेछ ।

१०. **<u>भुक्तानी गर्नुपर्ने</u>**: खरिदकर्ताले उत्पादकहरुवाट खरिद गरिएको कृषि उपजहरुको रकम भुक्तानी सम्बन्धित उत्पादकको बैक खाता मार्फत १५ (पन्ध्र) दिनभित्र गरि सक्नुपर्नेछ । सो को जानकारी केन्द्रलाई समेत दिनुपर्नेछ ।

११. **<u>खरिदकर्तालाई प्रोत्साहन</u>:** (१) उत्पादकहरुवाट कृषि उपजहरुको खरिद गरेको विवरण प्राप्त भएपश्चात केन्द्रले प्रति के.जी. रु. ५ को दरले खरिदकर्तालाई प्रोत्साहन रकम उपलब्ध गराउनेछ ।

(२) न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने खरिदकर्ताहरुलाई आवश्यक भौतिक संरचना निर्माणको लागि बीउ पूजी परिचालनमा प्राथमिकता दिईनेछ ।

१२. **<u>न्यूनतम समर्थन मूल्यमा विक्रि नभएमाः</u>** दफा ३ बमोजीमको समितिले निर्धारण गरेको मूल्यमा कृषि उपजहरुको खरिद विक्रि नभएमा वा कृषकहरुले बिक्रि गर्न नसकि कृषि उपज फाल्नुपर्ने अवस्था आएमा अनुसूची-४ बमोजिमको मुचुल्का बनाई प्रति के.जी रु. १० (दश) का दरले सम्बन्धित उत्पादकलाई केन्द्रले रकम भुक्तानी गर्नेछ । उक्त कृषि उपजहरुको व्यवस्थापनको दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

## परिच्छेद -५
## <u>विविध</u>

१३. **<u>अनुगमन तथा मूल्याङ्कन</u>:** (१) मन्त्रालय, निर्देशनालय, स्थानीय तहले सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(२) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु उत्पादक र खरिदकर्ताको दायित्व हुनेछ ।

१४. **<u>प्रोत्साहन गरिने</u>**: वार्षिक कार्यक्रममा सहभागी भई सबैभन्दा बढी कृषि उपज (कम्तिमा) ५०० मेट्रिक टन खरिद गर्ने सहकारीलाई नगद रु. बिस हजार प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।

१५. **<u>संशोधन</u>:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

# अनुसूची -१
## (दफा ५ सगँ सम्बन्धित)
## <u>सूचीकृत हुनको लागि सूचना</u>

यस कृषि ज्ञान केन्द्र,.........को आर्थिक वर्ष......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रम सञ्चालन गर्न इच्छुक उत्पादक तथा खरिदकर्ताहरु तपसिल बमोजिमका कागजात सहित सूचीकृत हुनको लागि कृषि ज्ञान केन्द्र.......मा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

(१) रु. १०/- को हुलाक टिकट टाँस गरेको आवेदन,
(२) निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
(३) संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजि कृषि फार्म) को हकमा स्थायी लेखा नम्बर(PAN), करचुक्ता र दर्ता
(४) संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
(५) संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
(६) अनुसूची -२ अनुसारको आवेदन (उत्पादकको हकमा)
(७) अनुसूची-३ अनुसारको आवेदन (खरिदकर्ताको हकमा)
(८) स्थानीय तहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

<u>पुनश्चः</u> " न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि, २०७९" यस केन्द्रको वेवसाईट......बाट डाउनलोड गर्न सकिनेछ ।

## अनुसूची- २

## (दफा ६ को उपदफा १ सगँ सम्बन्धित)

## <u>आवेदन फाराम (उत्पादकको हकमा)</u>

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,........ ।

**विषयः सूचीकृत गरिदिने वारे ।**

महोदय,
प्रस्तुत विषयमा तहाँ केन्द्रबाट सूचना भए अनुसार न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ केन्द्रमा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु ।

<u>तपसिलः</u>

क. संस्था/कृषकको नाम र ठेगानाः
ख. बालीको नामः
ग. बाली लगाएको क्षेत्रफलः
घ. बाली भित्र्याउने अनुमानित समयः
ङ. बाली प्रणालीः
च. निजि/समूह/सहकारीको विवरणः
  i. नाम र ठेगानाः
  ii. कूल सदस्य संख्याः
  iii. कुल सदस्य मध्ये कृषि उपज उत्पादक सदस्य संख्याः
  iv. कार्यक्रममा सहभागी हुने कृषक तथा क्षेत्रफल

| क्र.सं. | सदस्यको नाम | ठेगाना | खेति गरिएको जग्गाको क्षेत्रफल | वाली र जात | जग्गाको स्वामित्व (आफै, अधिया,भाडामा लिएको आदि) | सिचाई को स्रोत | अनुमानित उत्पादन( के.जी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

छ. बाली विशेष उन्नत प्रविधिको प्रयोग
  (क) खनजोतः
  (ख) बीउदर र रोपाईः
  (ग) मलखाद, सिचाई र गोडमेलः
ज. बाली विमा गरेको छ वा छैनः

## अनुसूची -३
## (दफा ६ को उपदफा ३ सगँ सम्बन्धित)
## <u>आवेदन फाराम (खरिदकर्ताको हकमा)</u>

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र,........ ।

**विषयः सूचीकृत गरिदिने वारे ।**

महोदय,
प्रस्तुत विषयमा तहाँ केन्द्रबाट सूचना भए अनुसार न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ केन्द्रमा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु ।

<u>तपसिलः</u>

(क) खरिदकर्ता नाम र ठेगानाः

(ख) खरिद गर्न चाहेको बाली र परिमाणः

(ग) खरिद गर्न चाहेको क्षेत्र(जिल्ला, स्थानीय तह र वडा)ः

(घ) खरिदको लागि आवश्यक रकमको स्रोतः

(ङ) खरिद, ढुवानी, भण्डारण र प्रशोधनको लागि संरचना भए/नभएकोः

(च) खरिद कार्यमा संलग्न हुन भौतीक संरचना, साधन, उपकरण र जनशक्ति आवश्यक सम्बन्धि विवरणः

(छ) विगतमा खरिद कार्यमा संलग्न भएको/नभएकोः

निवेदकः
नामः
ठेगानाः
छापः

## अनुसूची- ४
## (दफा १२ सगँ सम्बन्धित)
## कृषि उपज खरिद गरेको मुचुल्का

........जिल्लाको......महानगरपालिका/नगरपालिका/गाउपालिका वडा नम्बर... बस्ने कृषक श्री..........ले लगाएको......(बालिको नाम) न्यूनतम समर्थन मूल्यमा बिक्रि नभएकोले .....के.जि.(बाली) रु. १० का दरले कृषि ज्ञान केन्द्र...ले खरिद गरी तपसिल बमोजिमका मानिसहरुको रोहवरमा ......(स्थानीय तहको नाम) लाई जिम्मा लगाएको विवरण साचो हो भनी मुचुल्कामा सहीछाप गरिदियौं ।

तपसिलः

१. प्रमुख/उपप्रमुख, सम्बन्धित स्थानीय तह श्री................................
२. प्रमुख, केन्द्र श्री...............................
३. प्रमुख, कृषि शाखा, सम्बन्धित स्थानीय तह श्री..............................
४. वडा अध्यक्ष, सम्बन्धित स्थानीय तहको वडा श्री..........................
५. अध्यक्ष, कृषि सहकारी, सम्बन्धित स्थानीय तहको वडा श्री............
६. अध्यक्ष, टोल सुधार समिति, सम्बन्धित स्थानीय तहको वडा श्री............
७. कृषक प्रतिनिधि, कृषक समुह महासंघ श्री...............................
८. श्री..........................
९. श्री..........................

मुचुल्का गर्ने कर्मचारीकोः
सहीः
नामः
पदः

मितिः
समयः